ISSN: 2961-1989
Academia Research Journal
Volume: 1 Issue: 1

# 'सुमरूमा द्रौपदी' कथामा नारी शरीर

महेन्द्र वाग्ले[1]

# Woman's Body in the Story "Sumaruma Draupadi"

Mahendra Wagle[1]
[1]Assistant Professor, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
[1]Corresponding Author: *sajalwagle@gmail.com*

Article History: Received: April 12, 2022 Revised: May 10, 2022 Published: June 4, 2022

**लेखसार**

प्रस्तुत अध्ययनमा नारीवादी समालोचनात्मक पद्धतिअन्तर्गत प्रचलित अवधारणा नारी शरीरलाई आधार बनाई अभय श्रेष्ठको 'सुमरूमा द्रौपदी'कथामा प्रयुक्त नारी शरीरमाथि भएको प्रयोगलाई प्रस्तुत गरिएको छ। यसमा मूलरूपमा मिसेल फुकोको मान्यता र लुसी इरिगेरी, जुलिया क्रिस्तेभाको नारी शरीरका सम्बन्धमा प्रस्तुत अवधारणालाई आधार बनाइएको छ। नारी शरीरसम्बन्धी मान्यताका कसीमा कथा विश्लेषणका लागि पुस्तकालयीय अध्ययन पद्धतिका आधारमा सामग्री सङ्कलन गरी पाठविश्लेषण विधिको अवलम्बन गरिएको छ। 'सुमरूमा द्रौपदी'कथामा धर्म तथा सामाजिक मूल्यमान्यताका आधारमा पितृसत्तात्मक सामाजिक विचारधाराले नारीलाई अधीनस्थ बनाएको र शोषण गरी नारी अधिकारबाट वञ्चित गराइएको विषय मार्मिकरूपमा प्रस्तुत गरी प्रतिरोध कार्यलाई पनि देखाइएको छ। यस कथामा पुरुषप्रधान समाजमा नारीको शरीरमाथि पुरुषको अधिकार हुने, नारी पुरुषको स्वार्थपूर्तिमा वस्तुकरण हुनु पर्ने, नारीले आफ्नो देहलाई माया नगरी अरुकै लागि बनाइएको मान्ने जस्ता विषयको खोजी प्रस्तुत अध्ययनमा गरिएको छ। प्रस्तुत कथामा नारी शरीर शोषण र दमनमा रही अधीनस्थ अवस्थामा रहेको हुनाले त्यसको विरोध र स्वअस्तित्वको खोजीका लागि नारीचेतना जागरूप बनेको निष्कर्ष यस अध्ययनमा रहेको छ।

**शब्दकुञ्जी** : अधीनस्थ, पितृसत्ता, प्रतिरोध, वस्तुकरण, स्वअस्तित्व।

**Abstract**

The usage of the female body in Abhay Shrestha's short story "Sumruma Draupadi," which is based on the popular conception of the female body, is presented in the current research using a feminist critical methodology. It is mostly based on Michel Foucault's theory and the notion of the feminine body put out by Lucy Irigieri and Julia Kristeva. The data for the narrative analysis of the beliefs about the female body has been gathered using the textual analysis approach, which is based on the library study method. On the basis of religion and societal ideals, the patriarchal social philosophy has oppressed women in the narrative "Sumruma Draupadi," making them subordinate and robbing them of their rights. Males's rights over women's bodies in this narrative, as well as women's need to be objectified for men to feel whole, have all been studied in this study. Men also have rights over women's bodies in a society where men predominate. According to the study's findings, women's bodies are exploited and oppressed in the tale that is being told, and their awareness has been aroused to fight against this and seek for self-existence.

***Keywords*:** Subordinate, patriarchy, resistance, objectification, self-existence

## विषयपरिचय

'सुमरूमा द्रौपदी'अभय श्रेष्ठ (२०२८) को *तेस्रो किनारा (२०६८)* कथासङ्ग्रहमा सङ्ग्रीहित कथाहरूमध्ये एक उत्कृष्ट कथा हो । उनी प्रतिकूल स्थितिसँग सङ्घर्ष गर्दा मानिसले भोग्नुपर्ने विसङ्गति र विडम्बनालाई आख्यान बनाउन सिपालु कथाप्रतिभा हुन् ( श्रेष्ठ, २०७०, पृ. ३६८) । उनी पेशाले पत्रकार भए पनि मानव जीवनका विविध पक्षलाई कथामा समेटेका छन् ।उनले वैतरणी (२०५१) देखि कथा लेखन आरम्भ गरेका हुन् । उनको यो 'सुमरूमा द्रौपदी' कथा महाभारतकी पात्र द्रौपदीलाई पात्रका रूपमा चयन गरिएको एक मिथकीय कथा हो । यस अध्ययनमा विश्लेष्य सामग्रीको रूपमा 'सुमरूमा द्रौपदी' कथालाई चयन गरिएको छ भने विश्लेषणको सैद्धान्तिक आधारका रूपमा नारीवादी आन्दोलनमा विकसित शरीर राजनीतिसम्बन्धी अवधारणलाई लिइएको छ । यस कथामा महाभारतको कथालाई पुनः सिर्जना गरी द्रौपदी (नारी)ले भोग्नु परेको पीडालाई प्रस्तुत छ । पुरुषप्रधान समाज तथा धर्मको नाममा निर्मित मूल्यमान्यताको आडमा नारी पीडित हुनु परेको पक्षलाई द्रौपदीको माध्यमबाट र पुरुषप्रधान समाजको हैकमवादी प्रवृत्तिका व्यक्तिमा मूलरूपमा युधिष्ठिर र अन्य चार भाइलाई लिइएको छ । यसका साथै द्रौपदीको चीरहरण गर्ने तथा नारीको शरीरमाथि खेलवाड गर्ने र अन्याय गर्दा पनि आँखा चिम्लने सभाका सदस्यहरूलाई पनि प्रभुत्वशाली वर्गका रूपमा प्रतिनिधित्व गराइएको छ । यसमा नारी पात्रमा गरिएको अन्याय, अत्याचार र अस्तित्वको प्रश्नद्रौपदीको माध्यमबाट उठान गरी नारी पहिचानको खोजी र विद्रोहको स्वर प्रस्तुत गरिएको छ ।कथामाद्रौपदीलाई सुमेरु पर्वतमा थकानले हिँड्न नसकी ढल्दा मृत्युको मुखमा छाडेर हिँडेका पाण्डवहरूप्रति आक्रोश व्यक्त गरी नारी स्वतन्त्रता र अस्तित्वको पक्षमा आवाज उठाइएको छ । यसमा द्रौपदीको शरीरलाई वस्तुकरण गरी पितृसत्तात्मक सामाजिक संरचनाको आडमा पुरुषले आफूअनुकूल प्रयोग गरेको सन्दर्भ देखाइएको छ । यस्तो अवस्था नारी शरीर राजनीतिअन्तर्गत पर्छ । सामाजिक संरचनामा पितृसत्ताले निर्माण गरेको विचारधारामा नारीकाअधिकार, अस्तित्व र पहिचानलाई निमिट्यान्न पारी अधीनस्थ पारेको र यसका विरुद्धमा प्रतिरोध गरेको विषय नारी शरीर राजनीतिसँग पनि सम्बन्धित छ । प्रस्तुत कथामा नारीका दुःख, अन्याय र अत्याचार, पितृसत्तात्मक विचारधारा, शोषणको चित्रणका साथै नारीका उत्पीडनको बोधका साथै नारी मुक्तिको मार्गलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाको पूर्वअध्ययनहरूमा नारीका स्वतन्त्रता र विद्रोहका विषयमा केही सङ्केतहरू गरिएका भए पनि हालसम्म नारी शरीरका कोणबाट समग्र अध्ययन गरिएको छैन । नारी शरीरको प्रयोग कसरी भएको छ र त्यसको प्रतिरोध कसरी गरिएको छ भन्ने विषय शरीर राजनीतिको विषय रहेको हुँदा यसका कोणबाट अध्ययन गरिनु सान्दर्भिक देखिन्छ । 'सुमरूमा द्रौपदी'कथामा नारी शरीरको प्रयोग के कसरी भएको छ, पितृसत्तात्मक विचारधाराले कसरी नारीलाई अधीनस्थ बनाएको छ र नारी विद्रोहलाई कसरी स्वीकार गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा निर्माण भएको छ । यस प्रज्ञिक जिज्ञासाको समाधानार्थ उक्त कथामा प्रयुक्त शरीर राजनीतिका कोणबाट कथालाई विश्लेषण गर्नपारिवारिक र सामाजिक उत्पीडन, धर्ममा आधारित, अधीनस्थ, वस्तुकरणमा र प्रतिरोधमा नारी शरीर प्रयोगको अवस्था अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि

अभय श्रेष्ठको 'सुमेरूमा द्रौपदी'कथामा प्रयुक्त नारी शरीरमा आधारित रहेर कथा विश्लेषण गरिएको प्रस्तुत अध्ययनमा निर्मितप्राज्ञिक जिज्ञासाको समाधानार्थ आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा अभय श्रेष्ठको 'सुमरूमा द्रौपदी'कथालाई चयन गरिएकोछ भने द्वितीय स्रोतका सामग्रीअन्तर्गत अध्ययनको विषय र नारी शरीर राजनीतिसँग सम्बद्ध अध्ययन, अनुसन्धान तथा पत्रपत्रिकाहरूमा भएका समीक्षा, लेख र समालोचनात्मक ग्रन्थ प्रयोग गरिएको छ ।यस अध्ययनमा

नारी शरीर राजनीतिसँग सम्बद्ध सैद्धान्तिक मान्यताको निरूपणका लागि त्रिस्तेभा, लुसी इरिगेरी र मिसेल फुकोको विचारलाई उपयोग गरिएको छ । अतः साहित्यिक कृतिको अध्ययन भएका कारण यो अध्ययनकार्य गुणात्मक प्रकृतिको रहेको छ । यस अध्ययनमा आवश्यक पर्ने सङ्कलित सामग्रीलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार /नारी शरीर विश्लेषणका आधार

मानव शरीर निर्माण जीव विकासको क्रममा भएको हो । पृथ्वीमा एककोषीय जीवको उत्पत्ति पहिला भयो अनि वातावरणअनुकूल जीवहरूको विकासको क्रममा प्रारम्भ भएको थियो । यसकै क्रममा ढेडुबाँदरहरूको उत्पत्ति भयो । यसबाट नै मानव सृष्टि भएको मान्यता रहेको पाइन्छ (अधिकारी, २०६९ पृ.३९) । मानव शरीर निर्माण र विकासमा समग्र वातावरणको भूमिका रहेको देखिन्छ । मानव शरीरले कैयौ वर्षहरू तथा विकासका चक्रहरू पार गरेर वातावरणअनुसार शरीर निर्माण भई अहिलेको अवस्थासम्म आइपुगेको यथार्थ पक्ष हो । नारी शरीरको अध्ययन सांस्कृतिक अध्ययनमा केन्द्रित विषय बनेर विकसित भएको छ । एकल संस्कृतिको अवधारणाबाट बहुलवादी संस्कृतिको अध्ययनको परिपाटीले नारी शरीरको अनेक कोणबाट अध्ययन गर्ने बाटो खुलाएको छ । यसको फलस्वरूप बहुल अर्थमा परिभाषित गर्ने औजारहरूको निर्माण गरिएको छ । सांस्कृतिक अध्ययन परम्परामा विकसित भएको यो पद्धति मूलरूपमा नारीका अधिकार र पहिचानका विषयलाई उठान गरेको देखिन्छ ।

सांस्कृतिक अध्ययनका आधारमा शरीरलाई सामाजिक भूमिकाको आधारमा हेरिन्छ । शरीर प्रयोग तथा उपयोगका दृष्टिले एउटा राजनीतिक क्षेत्रका रूपमा पनि स्वीकार गरिन्छ । यसो हुनुको मूल कारण शरीर राजनीतिमा शक्तिको सङ्घर्ष पनि भएको हुन्छ । यो नारी शरीर राजनीतिको अवधारणा एकातिर सांस्कृतिक अध्ययनका आधारमा र अर्कोतर्फ नारीवादी अध्ययनका आधारमा अगाडि बढेको छ । सत्ता, शक्ति र स्वास्थ आर्जनका लागि शरीरले, शरीरलाई, शरीरका निम्ति, शरीरबाट शरीरमा गर्ने समग्र उपयोग शरीर राजनीति हो (पौड्याल, २०७७, पृ.१५) । त्यसैले शरीरलाई केन्द्रमा राखेर यसमा अध्ययन गरिन्छ र शरीरसँग सम्बद्ध रहेर गरिने उपयोगका विविध सामाजिक तथा व्यवहारिक प्रयोजनलाई समेटिएको हुन्छ ।

शरीर राजनीतिको अवधारणा सन् १०७०को दशकमा लुसी इरिगेरी, जुलिया क्रिस्तेभा जस्ता नारीवादी लेखकबाट विकसित भएको छ । यस सिद्धान्तले साहित्यमा नारी शरीरलाई जोडेर समालोचना गर्दछ । नारीले प्राप्त गर्ने अधिकारबाट वञ्चित गराइएको अवस्थामा नारीका नैसर्गिक अधिार तथा नारी हिंसाका विरुद्धमा शरीर राजनीतिको अवधारणा विकास भएको पाइन्छ । पाश्चात्य नारीवादी लेखकहरूले पनि नारीका प्रजनन अधिकार र शरीरसँग सम्बन्धित पक्षहरूलाई शरीर राजनीतिसँग जोडेका छन् त्यस्तै मिचेल फाउकल्टले शक्तिको व्यपकता औल्याउने क्रममा शरीरलाई शक्ति र राजनीतिसँग जोडेका छन् । उनको मतअनुसार शरीर प्रत्यक्ष रूपमा राजनीतिक क्षेत्र हो जो शक्तिको अधीनमा रहन्छ साथै शरीर शक्ति र शोषणसँग पनि सम्बन्धित हुन्छ ( सन् १९८९, पृ. ३०) । यसरी फाउकल्टले शरीरलाई शक्तिको केन्द्रका रूपमा लिएका छन् । उनले मानव शरीरलाई विभिन्न नियमका माध्यमबाट अधीनस्थ बनाई ज्ञानका वस्तुमा रूपान्तरण गर्ने आधार ठानेका छन् र प्रभुत्वशाली वर्गले मानव शरीरलाई प्रयोग गरेर आफ्नो प्रभुत्व तथा शक्ति प्राप्त गर्ने उल्लेख गरेका छन् । यही शक्ति प्राप्त गर्न व्यक्ति तथा समाजमा राजनीति हुने गर्छ । मिचेल फाउकल्ट (सन् १९८२)का अनुसार शक्ति सम्बन्ध बिनाको समाज अमूर्त मात्र हुन सक्छ । जुन, कुनै पनि समाजमा शक्ति सम्बन्ध, तिनीहरूको ऐतिहासिक गठन, तिनीहरूको शक्ति वा कमजोरताको स्रोत, केहीलाई परिवर्तन गर्न वा अरूलाई समाप्त गर्न आवश्यक पर्ने अवस्थाहरूको विश्लेषणलाई राजनीतिक रूपमा आवश्यक बनाउँछभन्ने प्रस्ट हुन्छ (पृ.७९१) । उनको विचारबाट पनि शक्तिको सम्बन्ध एकै ठाउँमा नहुने भएकाले शक्तिको स्रोत छरिएर

रहेको हुन्छ त्यसमध्ये समाज पनि एक हो र समाजमा रहने नारी तथा उनका शरीरप्रतिको दृष्टिकोण पनि हो ।फाउकल्टले नारीमा अन्तर्निहित तीनओटा समस्या स्वीकार गरेका छन्- परिवर्तनको समस्या, कार्यकरणको समस्या र विषयको समस्या ( इरिगेरी, सन् १९७७, पृ.८४) । यी समस्याहरू विभिन्न स्तरमा हुने परिवर्तनहरू, समान कानूनको पालना गर्ने र अस्तित्वको अवस्थामा देखिने समस्याहरू रहेका छन् । उनले विशेष गरी नारी समस्यामा केन्द्रित भई शरीरलाई प्रभुत्वशाली विचारधारको आधारमा हेर्दै मानव शरीर विभिन्न आकारमा रूपान्तरण गर्न सक्ने वस्तुको रूपमा लिएका छन् । उनको यस विचारलाई नारीवादीहरूले विरोध गरेर आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन्, जसमा पितृसत्तात्मक संस्कृतिमा पुरुषहरूलाई प्रदान गरिएको शक्तिमा महिलाको पहुँचमा बाधा पुग्ने भएकाले नारी शरीरलाई अधीनस्थ तुल्याउने विचार गरेका छन् ।

नारी शरीर कुनै न कुनै रूपमा अधिक प्राकृतिक, कम पृथक, अधिक संलग्न र पुरुष शरीरभन्दा यसको वस्तुहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ (ग्रोज, सन् १९९४, पृ.१५) । नारीलाई कच्चा मालका रूपमा हेर्ने र विचारधारासँग जोडेर अध्ययन पनि गरिएको छ । सिद्धान्तः नारीलाई उत्पीडन गर्ने अर्थका आधारमा शरीर प्राकृतिक र ऐतिहासिक परिप्रेक्षमा अधीनस्थ बन्दछ । पछिल्लो समयमा लुसी इरिगेरी, हेलेन सिक्सस, गायत्री स्पिभाक, मोनिक विटिग र जुडिट बटलर जस्ता विचारकहरू समावेश छन् । उनीहरूका अनुसार नारीको मनोवैज्ञानिक र सामाजिक अस्तित्व बुझ्नको लागि शरीर महत्त्वपूर्ण छ तर शरीरलाई अव ऐतिहासिक, जैविक, सांस्कृतिक वस्तुको रूपमा बुझ्न सकिँदैन (ग्रोज, सन् १९९४, पृ १७-१८) । नारी शरीर पुरुषका लागि बनाइदिएको होइन अर्थात कसैको उपभोगका लागि नारी राम्री बनिदिनु पर्ने वा सजिनु पर्ने अवस्था पितृसत्तात्मक विचारधाराका माध्यमबाट नारी शरीरलाई अधीनस्थ बनाएर उपभोग गर्ने व्यवस्था मात्र हो ।

जुलिया क्रिस्तेभाले नारी शरीरका बारेमा महत्त्वपूर्ण विचार व्यक्त गर्ने क्रममा मातृशरीरको भूमिकालाई स्थापना गरेकी छिन् । उनले नारीको भूमिकालाई उच्च स्थान दिएर परिवारको पूर्णतामा नारीको स्थान अब्बल रहने बताएकी छिन् भनेलुसी इरिगिरी (सन् १९७७) ले नारी शरीर समाजमा उपभोग्य वस्तु भएको र उनीहरू समाजमा केन्द्रको रूपमा भाग लिन नपाएको सन्दर्भलाई प्रस्तुत गरेकी छिन् जुन निम्न प्रस्तुत गर्न सान्दर्भिक हुन्छ :

> हाम्रो सामाजिक व्यवस्थामा, महिलाहरू पुरुषहरूद्वारा प्रयोग र आदानप्रदान गर्ने 'उत्पादन' हुन्। तिनीहरूको स्थिति व्यापारिक 'वस्तु'को रूपमा रहेको छ । त्यस्ता प्रयोग र लेनदेनका वस्तुहरूले सामान्य रूपमा बोल्ने र विनिमयमा भाग लिने अधिकार कसरी दाबी गर्न सक्छन् ? वस्तुहरू, जसरी हामी सबैलाई थाहा छ, आफैलाई बजारमा लगिँदैनन र यदि तिनीहरू कुरा गर्न सक्छन् ... त्यसैले महिलाहरू हाम्रो समाज र हाम्रो संस्कृतिले अपरिचित 'पूर्वाधार' बन्नुपर्दछ। तिनीहरूको यौनिक शरीरको प्रयोग, उपभोग र परिसंचरणले सङ्गठन र सामाजिक व्यवस्थाको पुनरुत्पादनलाई सशर्त स्वीकार गर्छ, जसमा उनीहरूले 'विषय' को रूपमा कहिल्यै भाग लिएका छैनन्। (पृ. ४८)

समाज व्यवस्थामा नारी एक उत्पादित वस्तु भएको देखिन्छ । पितृसत्तात्मक समाजमा नारी शरीरको शोषण बिना समाजलाई शासन गर्ने प्रक्रिया के बन्न सक्दछ भन्ने प्रश्न पनि निर्माण हुन सक्दछ । यो नारीलाई अपाङ्ग बनाउने प्रक्रियामा रहेको साथै लैङ्गिक विभेदमा पारी सामाजिक सांस्कृतिक रूपमा अधीनस्थ बनाएर शरीरको उपभोग गर्ने व्यवस्था कायमै रहेको नारीवादी चिन्तकहरूको विचार रहेको छ ।

वास्तवमा शरीर राजनीति नारी शरीरमा बढी केन्द्रित छ । यसको मूल मान्यता नारी शरीरमाथि नारीकै अधिकार हुनुपर्छ र पुरुषको अधीनस्थताबाट मुक्त हुनुपर्छ भन्ने हो । शरीरका सम्बन्धमा मेर्लेउ पोन्टीले विचारहरूको केन्द्रका रूपमा लिएका छन् । उनका अनुसार शरीरको भूमिका कायापलटलाई सुनिश्चित गर्नु हो । यसले विचारहरूलाई वस्तुहरूमा रूपान्तरण गर्छ र सपनालाई वास्तविकतामा परिवर्तन गर्दछ । शरीर अस्तित्वको प्रतीक बन्नसक्छ किन भने यसलाई महसुस गर्न सक्ने

विशेषता हुन्छ (सन् १९६२, १९०) । पोन्टीले शरीरलाई वस्तुको रूपमा भए पनि शरीरको भूमिकाबाट ज्ञानमा परिवर्तन हुन सक्ने विचार प्रस्तुत गरेका छन् ।मानव भौतिक शरीरमा आफ्ना नीजि विषयहरू पनि अर्न्तनिहित हुने गर्दछन् । अझ नारी शरीरमा कामुकता, रजस्वला, गर्भाधान, माया आदि जस्ता विषयहरूले नीजि विषयलाई प्रतिनिधित्व गर्दछन् । शरीर वैयक्तिक हुने र स्वतन्त्र हुनु पर्ने भए पनि नारी शरीरलाई सामाजिक तथा सांस्कृतिक विचारधाराको निर्माणका माध्यमबाट अधीनस्थ बनाउने प्रयास भइरहेको हुन्छ । त्यसैले शरीरमाथि आफ्नो अधिकार व्यक्तिको वैयक्तिक स्वतन्त्रता हुने हुँदा अरुको शोषणबाट मुक्त रहनुपर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनको विषय हो (भट्टराई, २०७६, पृ.२६९) । यसरी जैविक शरीरलाई अधिनस्थताबाट मुक्त गराउनु पर्छ भन्ने विचारलाई पनि शरीर राजनीतिअन्तर्गत अध्ययन गरिन्छ ।

शरीर राजनीति नारी शरीरको अवस्था, अस्तित्व, अधीनस्थता, शोषण, दमन आदिको मात्र नभई पुरुष शरीर समेत अध्ययनको विषय हो । यसमा मानव शरीरलाई केन्द्रमा राखेर विशेषतः नारी शरीरलाई अधीनस्थ अवस्था तथा शोषणबाट मुक्त बनाउनु पर्छ भन्ने धारणा प्रस्तुत गरिन्छ । यस्तो धारणा अभिव्यक्त गर्नका लागि प्रतिकार तथा प्रतिरोधका माध्यमहरूलाई समेत प्रस्तुत गरिन्छ । प्रस्तुत अध्ययनमा 'सुमरूमा द्रौपदी'कथामा नारी शरीरलाई परिवार र सामाजिक, पितृसत्ता, धर्म आदिका आधारमा नारी शरीरलाई कसरी प्रयोग गरिएको छ र वस्तुकरणमा कसरी पारिएको छ साथै प्रतिरोधको अवस्था के छ भन्ने विषयलाईशरीर राजनीतिको केन्द्रीयतामा विश्लेषण गरिएको छ ।

## *'सुमरूमा द्रौपदी'*कथामा नारी शरीर

### पारिवारिक र सामाजिक उत्पीडनमा नारी शरीर

समाजले प्रदान गर्ने दायित्व, क्रियाकलाप, भूमिका र जिम्मेवारी नै सामाजिक लिङ्ग हो जुन नारी र पुरुषसँग जोडिएको हुन्छ (भट्टराई, २०७६, पृ. २६६) । अभय श्रेष्ठको कथा 'सुमेरुमा द्रौपदी'मा पनि द्रौपदीलाई सामाजिक रूपमा पाँच पतिको पत्नीका रूपमा तत्कालीन समाजले भूमिका प्रदान गरेको र सोहीअनुसार पारिवारिक जिम्मेवारी पनि बहन गरेको पौराणिक तथ्यप्रस्तुत छ ।यो जिम्मेवारी र भूमिकामा बाध्ने कार्य परिवारको सदस्यबाट जानाजान भएको छ । युधिष्ठिरले अर्जुनकी पत्नी हुन् भन्ने कुरा प्रस्ट रूपमा थाहा भए पनि द्रौपदीप्रति आकर्षित भएर परिबन्धमा पारी पाँचै भाइले उपभोग गर्ने साधन बनाएका छन् । द्रौपदीलाई मृत्युको मुखमा एक्लै सुमेरु पर्वतमा छाडेर हिँड्दा अर्जुनसँग मात्र प्रेम हुनाले पाप लागेर हिँड्न नसकेको युधिष्ठिरले भनेका छन् । द्रौपदीलाई यसरी एक्लै असहाय रूपमा छाडेर जाँदा उनले विगतमा पाण्डवहरूको सेवा गरेको विषयलाई सम्झेकी छिन् र पत्नीलाई यस्तो अवस्थामा कसरी छाडेर जान सक्छिन भन्ने प्रश्न पनि गरेकी छिन् । यस अवस्थाको विश्लेषणका लागि कथाको निम्न प्रसङ्ग उल्लेखनीय छ : "हरेक दुःखमा साथ दिएकी पत्नीलाई मानव हृदय भएका कसैले पनि मृत्युको मुखमा छाडेर हिँड्न सक्छ ? मान्छेकतिसम्म बैगुनी र स्वार्थी हुन सक्दोरहेछ ! उनको आदेशमा पाँचै जना मलाई नहेरी लम्किए" (श्रेष्ठ, २०६८, पृ. ४३) । वास्तवमा यो विषय नारी र पुरुषमा गरिएको असमानता र नारीलाई उत्पिडनमा पारिएको विषय हो । नारी घरको सबै जिम्मेवारी तथा दायित्व बोकेर पनि सदियौँदेखि एकातिर मानसिक त अर्कोतर्फ शारीरिक उत्पीडनमा समेत परेको विषय कथाले उठान गरेको छ ।

बिन्दू शर्मा (२०७४)ले पनि यस कथामा पाण्डवहरूले चाहीँ आआफ्ना व्यक्तिगत पत्नी राख्दा पनि केही नहुने तर द्रोपदीलाई अजुनसँगको प्रेमका कारण पापिनी ठहराइएको उद्घाटन गरिएको उल्लेख गरेकी छन् (पृ. २०) । कथाकै प्रारम्भमा द्रौपदीको दयनीय अवस्था प्रस्तुत गरेर पारीवारिक र सामाजिक रूपमा कसरी नारी शरीरलाई अधीनस्थ बनाइएको थियो भन्ने विषयबाट वर्तमानमा पनि शरीर उपभोग गर्न विभिन्न सहमतीय योजनाहरूको निर्माण गरिन्छ भन्ने सङ्केत समेत गरिएको छ । कथामा द्रौपदीले भनेकी छिन् - "साँच्चै भन्ने हो भने पतिहरूले गरेको उपहासमा बाहेक मैले हाँस्नै बिर्सिसकेकी थिएँ"(पृ.

ISSN: 2961-1989
Academia Research Journal
Volume: 1 Issue: 1

४३) । यो वाक्यबाट द्रौपदीले आफ्नो परीवारको सम्पूर्ण सुखका लागि जीवन अर्पण गरेको र सामाजिक रूपमा पनि पाण्डवहरूका पत्नीका रूपमा जिम्मेवारीको भारी बोक्दै अन्तिम अवस्थामा पनि सुखले मर्न पनि नपाइने विवशता प्रस्ट हुन्छ ।यसरी यस कथामा नारी शरीरलाई पारीवारिक दायित्वबोध गराई सामाजिक रूपमा समेत उत्पीडनमा पारिएको विषय द्रौपदीका माध्यमबाट सान्दर्भिक बनेको छ ।

**पितृसत्तामा नारी शरीर**

नारी शरीरलाई पितृसत्तात्मक विचारधारको कोणबाट पनि अध्ययन गर्न सकिन्छ । बार्करका अनुसार पिपतृसत्ता भन्नाले सामाजिक संस्था र अभ्यासका सबै प्रक्रियाहरूमा पुरुषको महिलामाथिको अधीनता तथा परम्परागत र व्यवस्थित दमन बुझिन्छ जसका परिवारमा पुरुष मुख्य हुन्छ, उसकै अधीन चल्छ र ऊ उच्च स्थानमा रहन्छ (उद्घृ. भट्टराई, २०७६, पृ. ६६) । वास्तवमा नारी शरीर पितृसत्ताको राजनीतिक स्थल पनि हो । प्रस्तुत अध्ययनीय कथामा पितृसत्तात्मक विचारधाराबाट द्रौपदीको शरीर अधीनस्थ रहेको छ । पितृसत्ताले निर्धारण गरेको विचारधारमा नारीलाई कुनै कुरा पनि सोध्न जरुरी नहुने र उनीहरूको जीवनकै निर्णय पनि पुरुषले गर्न सक्ने विचारधाराको निर्माण भएको कथामा प्रस्तुत छ । कथामा द्रौपदीलाई जुवाको दाउमा लगाउँदा समेत सोध्न नपर्ने पितृसत्ताको अति अमानवीय र दमनकारी सामाजिक व्यवस्थालाई “मेरो जिन्दगीमाथि त्यति ठुलो निर्णय हुँदै थियो तर कसैले मलाई एक वचन पनि सोध्न जरुरी ठानेनन्”(श्रेष्ठ, २०६८, पृ. ४३) भन्ने नारीको दुःखलाई द्रौपदीको माध्यमबाट प्रस्तुत गरिएको छ । यो नारी शरीरमाथि पुरुषले अधिकार जमाएको र नारीलाई वस्तुका रूपमा ठान्ने विचारधाराको प्रस्तुति हो ।

त्यस्तै कथाअनुसार युधिष्ठिरले पाँचै भाइका पत्नीका रूपमा द्रौपदी रहने भन्ने निर्णय विरुद्धमा द्रौपदीका बुबा द्रुपद र दाजु धृष्टधुम्नले विरोध गरे । दाजु धृष्टधुम्नले त दाजुले भाइकी श्रीमतीसँग कसरी संभोग गर्न सक्छ ? भनेर पनि सोधे तर त्यसको जवाफमा युधिष्ठिरले“जतिसुकै ठुलो कुकर्म भए पनि मैले गरेपछि त्यो अधर्म हुँदैन, धर्म नै ठहर्छ”(श्रेष्ठ, २०६८, पृ.४३)भनेर जवाफ दिए। आफूले कुकर्म सोच्दा र गर्दा पनि धर्म हुने तर नारीमा परेको अन्याय तथा जीवनमा आउने दुःखका परिस्थितिप्रति चासो नदेखाएर नारी शरीरलाई उपभोग गर्न पाउने दाउमा आफ्नो अनुकूलको विचारधाराको निर्माण युधिष्ठिरका माध्यमबाट भएको प्रस्ट देखिन्छ । पितृसत्ता भनेको कुनै सामाजिक एकाइ पुरुष प्रभुत्वका माध्यमबाट सञ्चालित हुने (पिल्चर एन्ड ह्वेलहेन, सन् २००४, पृ. ९३) भएकाले सोहीअनुसारको सङ्कथन पनि निर्माण गरी नारी शरीरलाई अधीनस्थ बनाइन्छ । कथामा द्रौपदीले “मौन विरोध बाहेक बाबा र दाइले त्यस्तो अवस्थामा के गर्ने ? त्यही मौनलाई स्वीकृति मानेर पाँचै भाइले मलाई पारिवारिक वेश्या बनाए” (श्रेष्ठ, २०६८, पृ. ४३) भनेर युधिष्ठिर र पाण्डवहरूप्रति रोष व्यक्त गरेकी छिन् । यो पितृसत्तात्मक विचारधाराका माध्यमबाट नारी शरीरमाप्रभुत्व कायम गरी उपभोगको साधन बनाइएको विषय हो ।

त्यति मात्र होइन द्रौपदीलाई किचकले पनि कुदृष्टि राखेको विषय कथामा प्रस्तुत छ । किचकको द्रौपदीलाई भोग गर्ने मनसाय पूरा नभएपछि आक्रमण समेत गरेको पौराणिक कथामा समेत पाइन्छ, जुन अध्ययनीय कथामा द्रौपदीले स्मरण गरेकी छन् । द्रौपदीका अनुसार “अज्ञातवासका क्रममा राजा विराटको दरबारमा दासी भएर काम गर्दा उनको सालो किचक मप्रति मोहित भयो । बासनापूर्तिका लागि उसले अनेक षड्यन्त्र गऱ्यो । सफल नभएपछि दरबारमा खुलमखुला ममाथि हातपात गऱ्यो”(श्रेष्ठ, २०६८, पृ.४६) । यो कथाप्रसङ्गले नारीलाई पुरुषले सहजै जे पनि गर्न सक्छ र शासनसत्ताको आडमा त अझ नारी शरीरलाई बन्धक बनाई उपभोग पनि गर्न सकिन्छ भन्ने पितृसत्तात्मक विचारधाराको निर्माण भएको देखिन्छ । यसरी अध्ययन गर्दा पितृसत्तात्मक विचारधारामा नारीप्रतिको दृष्टिकोण पक्षपातपूर्ण रहेको प्रस्ट हुन्छ । त्यसैलेयो समाजमा नारी आफैँमा दलित हो, जो कहिल्यै राजकुमारी वा महारानी हुन सक्दिन (श्रेष्ठ, २०६८, पृ.४८) भन्ने भनाइ सार्थक बनेको छ । यस

विचारले नारीमा पितृसत्ताले गरेको विभेदलाई सङ्केत गरेको छ र नारी शरीरलाई परापूर्वकालदेखि उपयोग गरिदै आएको देखाइएको छ ।

**धर्ममा आधारित नारी शरीर**

नारी शरीरलाई परापूर्वकालदेखि विभिन्न बाहान र आस्थाका आधारमा अधीनस्थ बनाइदै वर्तमानसम्म आइपुगेको छ । त्यसमध्ये धर्म पनि एक हो । नारीलाई सहज रूपमा अधीनता स्वीकार गर्न लगाउने माध्यमका रूपमा धर्मलाई अङ्गिकार गरेको पाइन्छ । प्रस्तुत कथामा पनि धर्मको आडमा पाप र पुण्यको विचारधारा निर्माण गरेर प्रभुत्वशाली वर्गले तथा पितृसत्ताले नारीलाई दमनमा पारेको प्रस्तुत गरिएको छ । "यो हामी पाँच दाजुभाइमध्ये अर्जुनसँग विशेष प्रेम गर्थी, त्यही पापले यसको यो गति भयो..हिँड, यसको मोहमा पर्नु अर्को पापमा फस्नु हो" (श्रेष्ठ, २०६८, पृ. ४३) भन्ने युधिष्ठिरले स्वर्ग जाने भनेर सुमेरु पर्वतमा हिँड्दै गर्दा द्रौपदी बिरामी परेर हिड्न नसकेको लाचार अवस्थामा छाडेर अगाडि बढ्न आफ्ना भाइहरूलाई भनेको वाक्य धर्मकै आधारमा निर्मित विचारधारा हो । यस विचारधाराबाट पाण्डवहरूलेधर्मकै आडमा द्रौपदीको शरीरलाई वस्तुमानेको प्रस्ट हुन्छ ।

महाभारतकालीन समयमा पनि धर्मका रखवाला, वचनका पक्का युधिष्ठिरले नै धर्मकै आड लिएर द्रौपदीको शरीरलाई उपभोग गरेका प्रसङ्गलाई कथामा उठान गरिएको छ । भौतिक शरीर नीजि विषय भए पनि द्रौपदीको शरीरलाई नियन्त्रण गरिएको थियो । कथामा पनि द्रौपदीले आफ्नो शरीरलाई अरुका निम्ति सुम्मेको र शरीर अधीनस्थ बनेको तथ्यलाई प्रस्तुत गर्दै भनेकी छन्, "जीवनभरि धर्मका नाममा म परपीडक पुरुषको पारीवारिक वेश्या भएँ र अपमानको आगोमा जलिरहेँ" (श्रेष्ठ, २०६८, पृ.४३) । वास्तवमा आफ्नो शरीरमाथि आफ्नै अधिकार हुनु पर्ने हो तर त्यसो हुन सकेको छैन । यस कथामा युधिष्ठिरका कुण्ठाका कारण धर्मका नाममा आफू (द्रौपदी) लाई पारिवारिक वेश्या बनाइएको (शर्मा, २०७४, पृ.२०) द्रौपदीको अभिव्यक्तिबाट कथाकारले नारी शरीरलाई धर्मकै आधारमा पनि नियन्त्रण गरिने बताउन खोजेको देखिन्छ ।

धर्म एकल रूपमा स्वीकारको विषय होइन । यो सामूहिक क्रियाकलापद्वारा निर्मित विचारधाराको पुञ्ज हो । यसलाई स्वीकार गराउनका निम्ति आफूले निर्माण गरेको विचारधारात्मक धार्मिक पक्षलाई समर्थन गर्ने व्यक्ति वा समूहको पनि आवश्यकता पर्छ । प्रस्तुत कथाका अनुसार व्यासले पनि द्रौपदीलाई धर्मकै आडमा पाँच पाण्डवलाई स्वीकार गर्नु पर्ने पक्षमा "पूर्वजन्ममा पनि द्रौपदी यिनै पाँच दाजुभाइकी पत्नी थिइन,...यस जन्ममा पनि पाँचै जनासँग विवाह हुने यिनको भाग्यमा लेखिएको छ, त्यसैले यो विवाह अधर्म हुँदैन"(श्रेष्ठ, २०६८, पृ.४५) भनेर अभिव्यक्ति दिदै नारी शरीरलाई सहज रूपमा उपभोग गर्न पाउने वातावारण सिर्जना गराइदिएका थिए । यस कथामा भाग्यमा जे लेखेको छ त्यही हुन्छ, धार्मिक रूपमा अघिल्लो जन्ममा भए अनुसार यो जन्ममा भए पाप नहुने जस्ता भाग्य, पूर्वजन्म र पापमा आधारित धर्ममा आधारित विचारधाराको निर्माण गरेर अधीनस्थ बनाइएको विषय प्रस्तुत छ ।

धर्मका राजा अर्थात धर्मराज युधिष्ठिर भए पनि ठुलो दाजु र पतिले निर्वाह गर्नु पर्ने पारीवारिक धर्मबाट उनी विचलित थिए । युधिष्ठिरले आफ्ना भाइहरू र आफू पनि जुवामा हारिसकेपछि द्रौपदीलाई पनि दाउमा लगाए । तर आफै दाउमा हारिसकेपछि आफ्नी पत्नीलाई दाउमा लगाउन पाउने अधिकार उनलाई नहुनु पर्ने हो । यस्तो प्रावधान कुनै धर्ममा पनि उल्लेख गरिएको छैन न त यो पारीवारिक रूपमा जेठो भएकाले प्राप्त हुने सुविधा नै हो । यो विषयलाई पनि युधिष्ठिरले प्रयोग गरे धर्ममा नै आधारित भएको मानियो र सबैले अनुज भएकै आधारमा स्वीकार गर्नु पर्ने धर्म हो भन्ने भयो तर यस्तो अवस्थामा द्रौपदीले सभामा प्रश्न समेत राखेकी थिइन् । त्यस सभामा भएका व्यक्तिहरूले युधिष्ठिरकै पक्षमा बोले । यस्तो विषय मुर्खता र अरुलाई दासठान्ने मानसिकता नै हो । यो सबै धर्मको आड लिएर द्रौपदीको शरीरलाई वस्तुको रूपमा विनिमयको

साधन बनाउने षडयन्त्र हो भन्ने सङ्केत गरिएको छ। जुन कथाको दरबारका भीष्म, द्रोण, कृपाचार्यलागायत भद्रभलाद्मीले धर्मको हवाला दिँदै युधिष्ठिरकै पक्षपोषण गरे (श्रेष्ठ, २०६८, पृ.४७) भन्ने वाक्यबाट प्रस्ट हुन्छ।

**वस्तुकरणमा नारी शरीर**

मानव शरीरलाई वस्तुकरण गर्ने सम्बन्धमा त्यसको स्वरूप नारी शरीरमा अधिक देखिन्छ। समाज, संस्कृति तथा प्रभुत्वशाली वर्गका विभिन्न विचारधाराहरूका आडमा नारी शरीरलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अधीनस्थ बनाइएको हुन्छ। भौतिक शरीरलाई समाजिक परिवर्तन गर्नु सांस्कृतिक विषयअन्तर्गत पर्दछ (आचार्य, २०७७/७८, पृ.४२)। तसर्थ शरीरलाई पनि सामाजिकताकै आधारमा वस्तुकरण गरिन्छ र विशेष गरी नारी शरीरलाई आज्ञापालक वस्तु बनाइन्छ। प्रस्तुत कथामा उपस्थित पात्र द्रौपदीलाई पनि आज्ञापालक वस्तुको रूपमा लिएर उनको शरीरलाई वस्तुकरण गरिएको छ। द्रौपदीको "सासु कुन्तीको बतासे कुरालाई आज्ञा भनेर युधिष्ठिरले मलाई पाँच दाजुभाइकी साझा पत्नी बनाए। आइमाइको रूपै बैरी रहेछ ! मेरो रूप र शारीरिक बनोट सुन्दर हुनुमा मेरो के दोष थियो ? पहिलोपल्ट मलाई देख्दा धर्मराज पानीपानी भएका थिए" (श्रेष्ठ, २०६८, पृ.४४) यस भनाइबाट नारीलाई सुन्दर देख्ने बित्तिकै वस्तुको रूपमा उपभोग गर्न लालयित हुने पुरुष प्रवृत्ति र सामाजिक रूपमा आज्ञापालन गर्नु पर्ने मान्यतालाई अगाडि सारेर पाँच जनाको पत्नी बन्नु पर्ने बाध्यता वास्तवमा नारीको रूप र शारीरिक बनोटबाट मुग्ध भएर उपभोग्य वस्तुको रूपमा प्रयोग गर्ने चाहना मात्र भएको विषयलाई प्रस्तुत गरिएको छ।

कथामा आफ्नो शरीरलाई वस्तुका रूपमा प्रयोग गर्ने योजना बनेर युधिष्ठिरले आफूलाई हत्याउन चाहेको विषयलाई द्रौपदीले "कसैगरी मसँग सहवास गर्न लालयित थिए। विवाहबिना त्यो सम्भव थिएन"(श्रेष्ठ, २०६८, पृ.४७) भनेर पर्दाफास गरेकी छिन्। हुन त युधिष्ठिरमा मात्र द्रौपदीको शरीरलाई भोग गर्ने इच्छा नभई अर्जुनमा पनि भित्री तहमा वासना भरिएकै थियो। द्रौपदीलाई सुमेरु पर्वतको बाटोमा एक्लै छाडेर दाजुभाइसहित अर्जुन पनि गएको अवस्थामा उनले बितेको कुरा सम्झिँदै भनेकी छिन् "अर्जुन पनि त्यति त्यागी कहाँ थिए र ! हुँदा हुन् त युधिष्ठिरसँग मात्र मेरो विवाह हुन दिने थिए" (श्रेष्ठ, २०६८, पृ.४४)।

चौतफी घेरामा पारिएकी नारीको शरीरलाई पाण्डवहरूले सहज रूपमा भोग गरेको विषय नारीवादी दृष्टिकोणबाट अत्याचार र शोषण हो। पौराणिक शास्त्र महाभारतमा द्रौपदीलाई वस्तु ठानेर आपसमा बाँडेर लिन भनिएको छ जुन यस कथामा पनि पूर्वद्धिप्त शैलीमा प्रस्तुत भएको छ। कथामा "मलाई लिएर डेरा आइपुग्नै लाग्दा भीम र अर्जुन खुसीले चिच्याए, "आमा, बाहिर हेर्नुस् त, हामीले विशेष चिज ल्याएका छौँ। सम्पूर्ण मानवीय अस्तित्वसहितकी एक नारी उनीहरूका लागि कुनै चिजमात्र थिई" (श्रेष्ठ, २०६८, पृ.४४) भन्ने साथै आफूलाई जुवामा समेत बाजी लगाएर हारिएको द्रौपदीको संस्मरणले नारीलाई सामाजिक तथा सांस्कृतिक तवरबाट वस्तुकरण गरिन्छ भन्ने उदाहरण हो।

समाजमा प्रचलित व्यवहारहरूका माध्यमले विभेद सिर्जना गरी र विभिन्न मूल्यमान्यताहरूलाई स्वीकार योग्य बनाई नारी शरीरलाई पनि उपयोग गरिएको हुन्छ। कथामा सामाजिक, धार्मिक प्रभुत्वशाली वर्गद्वारा निर्मित विचारधारालाई दौपदीको भनाइ "पाँच पतिलाई सन्तुष्ट राख्न मैले कति सावधानी अपनाउनुपर्थ्यो ! त्यो भन्न संसारका सारा शब्द अपुग हुन्छन्। संसारका दुःखी नारीहरू, तिनीहरूको विशाल हृदयले मात्र यसलाई अनुभूत गर्न सक्ला" (श्रेष्ठ, २०६८, पृ.४५) बाट स्वीकार गरेको देखिन्छ।पाण्डवहरूसँग विवाह भएर घरजम गर्दा जति दुःख पाए पनि आफूले सहेर बसेको तर वर्तमान अवस्थामा अर्थात आफू मर्नुभन्दा अगाडि आफूमाथि अत्याचार र आफ्नो शरीरलाई वस्तुकरण गरी उपभोग गरिएको सत्यको ज्ञान द्रौपदीलाई भएको छ। षडानन्द पौड्याल (२०७७)को सामाजिक, सांस्कृतिक चेतनाबाट स्वीकृत मान्यता बनेको अवस्थामा स्त्री

जाति जनाउने मानवेतर शरीर पनि बलि चढेको हुन्छ (पृ.७९) भन्ने विचारपनि नारी शरीरलाई वस्तुकरण गरिएको कथाको यस विषयसँग सान्दर्भिक भएको छ ।

**प्रतिरोधमा नारी शरीर**

नारी शरीर समाजमा शोषणको प्रतिबिम्ब बनेको छ । परापूर्वकालदेखि नारीको शरीरलाई प्रभुत्वशाली वर्गले स्वार्थपूर्ण रूपमा प्रयोग गर्दै आएको छ । यस्तो असमानता र नारीलाई अधीनस्थ बनाउने मूल पितृसत्ता हो । यो पितृसत्तालाई सामाजिक, सांस्कृतिक तथा राजनीतिक सन्दर्भबाट नै अन्त्य गर्न सकिन्छ भन्ने मान्यता नारीवादको छ (भट्टराई, २०७६, पृ.२६६) । नारीका इच्छा, आकाङ्क्षा, अस्मिता र अस्तित्वबाट जब वञ्चित गरिन्छ, तब अधीनस्थ भएको देखिन्छ तर चेतना जागृत भएको अवस्थामा यस्ता असमान व्यवहार र प्रभुत्वशाली विचारधाराको विरुद्धमा आवाजहरू उठाइएको हुन्छ ।

द्रौपदीलाई धर्मका राजा मानिने युधिष्ठिरले आफू मोहित भएर शरीर उपभोग गर्न पाउने लालसाका कारणबाट नै आफूलाई धार्मिक तथा सामाजिक विचारधाराका आडमा विवाह गरेको र पाँचै भाइलाई सेवा गर्न लगाएको सत्यको बोध भएको छ । त्यो बोधको अवस्थामा द्रौपदीका माध्यमबाट कथामा प्रस्तुत सन्दर्भ उल्लेखनीय छ : ओ महान् सत्यवादी धर्मराज तिम्रो कुतर्कसित संसारका महामूर्खले पनि हार मान्ने छन् (श्रेष्ठ, २०६८, पृ.४५) ।

यसमा पुरुषले नारीलाई जसरी प्रयोग पनि गर्न पाउने विचारधाराको विरोध गरिएको छ । आफै धर्मको रखवाला उच्च व्यक्ति कहलिएको भए पनि धर्मलाई एकातर्फ लत्याएर स्वार्थमा लाग्नु निच र अशोभनीय विषय हो । आफैँलाई हारिसकेपछि युधिष्ठिरले मलाई दाउमा राख्ने अधिकार कहाँबाट पाए (श्रेष्ठ, २०६८, पृ. ४६) भन्ने कथामा प्रस्तुत द्रौपदीको भनाई पनि नारीले आफ्नो स्वाभिमान र अधिकारका लागि आवाज उठाउनु पर्छ भन्ने विचारको प्रस्तुति हो । यतिमाात्र होइन सुमेरु पर्वतमा जीवनको अन्तिम अवस्थामा द्रौपदीलाई एक्लै छाडेर जाने समयसम्म अन्याय र अत्याचारको सीमा नाधेको छ । आफूलाई महान वीर पुरुष ठान्ने पाण्डवहरूलाई लक्षित गरी कथामा “आफ्नै पत्नीलाई मृत्युको सङ्घारमा अलपत्र छाडेर हिँड्ने पुरुष वीर हुनै सक्दैनन् । तिनको वीरता जाली हो” (श्रेष्ठ, २०६८, पृ. ४७) भन्दै प्रतिकारको स्वर प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाका सन्दर्भमा टिप्पणी गर्दै बिन्दू शर्मालेकथामा पाण्डवहरूको शोषणका विरुद्धको द्रोपदीको आक्रोश अभिव्यक्त भएको उल्लेख गरेकी छन् (शर्मा, २०७४, पृ. २०) । पौराणिक समयमा नारी र पुरुषमा असमानताका खाडलहरू थिए र वर्तमान समयमा पनि रहेकै हुनाले त्यसको प्रतिकार गर्नु पर्छ भन्ने विचार प्रस्तुत गरिएको छ । यसलाई पुष्टि गर्न तलको सन्दर्भ उपयुक्त हुन्छ :

> मैले विद्रोह गर्न सकेकी भए आज नारीको जीवन अर्कै हुने थियो ।जीवनको अन्तिम घडीमा मभित्र विद्रोहको आगो बलिरहेको छ । अब तिमीहरू नै यसलाई दुःखी द्रौपदीको नासोका रूपमा साँचिराख । त्यसैलाई हतियार बनाऊ । त्यसैले नै एक दिन नयाँ युग त्याउने छ, जहाँ नारी भएकै कारण कसैको जीवन अभिशप्त हुने छैन (श्रेष्ठ, २०६८, पृ. ४७-४८) ।

वास्तवमा जबसम्म नारीहरूले पुरुषसत्ता र समाजद्वारा निर्मित असमानताका विचारधाराहरूलाई त्यागेर त्यसका विरुद्धमा विद्रोह गर्दैनने तबसम्म नारीहरू स्वतन्त्र हुन सक्दैनन् । नारीहरूलाई आर्थिक, सामाजिक तथा शारीरिक सबै प्रकारबाट अधीनस्थ बनाई प्रभुत्वशाली वर्गले उपभोग गरिरहेको हुन्छ । कथामा पनि द्रौपदीलाई आफूमा भएको अन्याय र दमन वर्तमान समयमा ज्ञात भएको तर पहिले नै ती पक्षहरूको ज्ञान भएको भए आफ्नो तथा नारीहरूकै जीवन नै परिवर्तन हुने थियो भनेर अब असमानताका विरुद्धमा आवज उठाउनु पर्ने सङ्केत गरिएको छ । त्यसैले यस कथामा दुःखले निम्त्याउने विद्रोहबाटै

शोषणरहित नयाँ युग जन्माउने विश्वासको सङ्केत गरिएको छ (शर्मा, २०७४, पृ. २०) भन्ने विचार पनि सान्दर्भिक बनेको छ ।

नारीको शरीरलाई उपभोग्य वस्तु ठानेर अधीनस्थ बनाउने विषय प्रायः पितृसत्तात्मक विचारधाराबाट प्रेरित रहेको नारीवादीहरू बताउँछन् । वास्तवमा पितृसत्ता र यसबाट निर्मित सामाजिकीकरणको प्रक्रियामा लैङ्गिक असमानता प्रबलरूपमा देखा पर्दछ (खनाल, २०७५, पृ. ८) । यस कथामा पीडित द्रौपदीलाई आफूमाथि भएको शोषणको बोध भएको छ र पितृसत्ता साथै त्यसबाट निर्मित विचारधारको विरुद्धमा कथामा "ए मेरा दुःखी दिदीबहिनी कहिले आउँछ त्यो दिन ? अब म भ्रममुक्त छु । जीवनको अन्तिम घडीमै सही, कुनै समयीकी राजकुमारी र महारानीको महाभ्फुटो पगरी यहीँ त्यागेको घोषणा गर्छु (श्रेष्ठ, २०६८, पृ. ४८) भनेर विद्रोहको स्वर अभिव्यक्त भएको छ । यो एक नारी द्रौपदीको मात्र विचार होइन समग्र नारीको विचार हो र समानता साथै नारी शरीरमाथि स्वअधिकार हुनु पर्ने पक्षको पनि वकालत हो । यसै सन्दर्भमा आफ्ना विचार प्रस्तुत गर्दै बिन्दु शर्माले पनि यस कथामा उत्पीडित पात्रहरूप्रतिको पक्षधरता प्रस्तुत भई पीडितहरूमा आफूमाथि भएको उत्पीडनको बोध गराएर मुक्तिको मार्ग देखाउन सकिन्छ भन्ने प्रगतिवादी मान्यता अवलम्बन भएको छ भन्ने तर्क गरेकी छन् (शर्मा, २०७४, पृ. २०) । यसरी प्रस्तुत कथामा पितृसत्तात्मक विचारधाराको जगमा नारी शरीर (द्रौपदी)लाई अधीनस्थ बनाई स्वार्थपूर्ण प्रयोग भएको बोध भएपश्चात् स्वअस्तित्वको खोजीका लागि त्यसका विरुद्धमा प्रतिरोधको स्वर प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

सांस्कृतिक अध्ययनमा नारी शरीर नवीन विषय हो । नारी शरीरसँग शरीर राजनीतिको विषय पनि जोडिएर आएको हुन्छ । यो नारीहरूको शरीरमा नारीहरूकै अधिकार हुनु पर्दछ भन्ने नारीवादी मान्यतामा केन्द्रित रहेको छ । नारी शरीरलाई पितृसत्ता तथा प्रभुत्वशाली विचारधाराको माध्यमबाट विभिन्न मूल्यमान्यताहरूको निर्माणमा वस्तुकरण गरी उपभोग गरिन्छ । शरीरसम्बन्धी अध्ययन साहित्यमा नारीवादी आन्दोलनबाट प्रारम्भ भएको हो । शरीरसँग सम्बन्धित साहित्यिक अध्ययनमा नारी शरीरको मात्र नभई पुरुष शरीरको पनि विषय बनाएको पाइन्छ । प्रस्तुत 'सुमेरुमा द्रौपदी 'कथामा पारिवारिक र सामाजिक, पितृसत्ता र धार्मिक विचारधाराबाट नारीपात्र द्रौपदीको शरीरलाई अधीनस्थ बनाइएको विषयलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । यस कथामा नारी पात्र द्रौपदीलाई शारीरिक रूपमा अधीनस्थ पात्रका रूपमा प्रस्तुत गरिएको छ । पाण्डवहरूले आफ्नो स्वार्थमा नारी (द्रौपदी)लाई विचारधाराको आधारमा भोग्य साधनको रूपमा उपभोग गरेका छन् र नारी (द्रौपदी) शरीरलाई आफ्नो स्वार्थमा प्रयोग गरेका छन् । पाँच पाण्डवहरूलाई पतिको रूपमा स्वीकार गरेर उनीहरूको शारीरिक इच्छा पूर्ति गर्ने साधनको रूपमा प्रयोग भएको विषय जीवनको अन्तिम अवस्थामा द्रौपदीलाई बोध भएको छ र आफू शोषित तथा पीडित नारी हुँ भन्ने महसुस भएको छ । कथामा नारी (द्रौपदी)को केन्द्रीयतामा पाँच पतिलाई अपनाएर उनीहरूलाई सन्तुष्टि प्रदान गर्नु पर्ने र उनीहरूका अनुकूल व्यवहार गर्नु पर्ने पारिवारिक, सामाजिक तथा धार्मिक मान्यतालाई अङ्गिकार गरी जीवनभार पीडित हुनु पर्ने देखाइएको छ । कथामा पौराणिक विषय समावेश गरी युधिष्ठिर र उनका भाइहरूले आफ्नै अलगअलग पत्नी राखेर पनि द्रौपदीलाई भोग्य साधन तथा वस्तुको रुपमा उपयोग गरेका छन् ।द्रौपदीलाई भने जीवनको अन्तिम क्षणमा आफूले पहिले नै विद्रोह गर्न नसकेकोमा पश्चताप रहेको देखिन्छ र उनको शरीरमाथि गरिएको शोषण तथा प्रभुत्वशाली विचारधारप्रति प्रतिरोधको भावना पनि छ । द्रौपदीमा आफ्नो शरीरलाई अधीनस्थ बनाएर भोग गरेका, जीवनको अन्तिम क्षणको दुःखद अवस्थामा एक्लै छाड्ने युधिष्ठिर र उनका भाइहरूप्रति आक्रोश देखिन्छ । उनकै माध्यमबाट कथामा नारीले स्वअस्तित्वका लागि पहिले नै आवाज उठाएमा दुःख भोग्नु नपर्ने साथै पितृसत्तात्मक विचारधारमा निर्मित मान्यतामा आधारित अधीनस्थता र शोषणका विरुद्धमा आवाज उठाउनु पर्ने विषय प्रस्तुत छ । यसमा पितृसत्तात्मक विचारधाराको केन्द्रीयतामा पारीवारिक,

सामाजिक तथा धार्मिक मान्यताका आधारमा नारी शरीरमा पुरुषले स्थापित गर्ने र नारी शरीर स्वार्थपूर्तिको माध्यमका रूपमा वस्तुकरण हुने निष्कर्ष निकाल्दै नारीमा चेतनाको स्तर बढेमा त्यसको प्रतिरोधका आवाजहरू पनि उठ्ने विषयलाई प्रभावकारी तवरबाट प्रस्तुत गरिएको छ। समग्रमा नारी शरीरलाई विभिन्न विचारधाराका आधारमा अधीनस्थ बनाई उपभोग गर्ने तथा वस्तुकरण गर्ने विचारको विरुद्धमा साथै नारी स्वअस्तित्वको खोजीका लागि नारी मानसिकतामा देखिएको प्रतिरोधी चेतनाको अभिव्यक्ति दिन 'सुमेरुमा द्रौपदी' कथा सफल रहेको छ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, रघुनाथ (२०६९). *मानव जाति : अतिवाद र सहअस्तित्व.* काठमाडौँ : श्रीमती निर्मला शर्मा।

आचार्य, उषा (२०७७/७८). मसान नाटकमा नारी शरीर राजनीति. *प्रज्ञा.*१२१ (१). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

इरिगेरी, लुसी (१९७७). दिस सेक्स ह्विच इज नो वन.(क्याथरिन पोर्टर विथ कार्लिन बुर्के अनु.). न्यू योर्क : कोर्नेल युनिभर्सिटी प्रेस।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौँ : सनलाइट पब्लिकेसन।

ग्रोज, एलिजावेथ (सन् १९९४). भोलाटाइल बोडिस : टुवर्ड अ कर्पोरियल फेमनिज्म. ब्लुमिङ्गटन : इन्डियाना युनिभर्सिटी प्रेस।

पिल्चर, जे. एन्ड आइ.ह्वेलहेन. (सन् २००४). *फिफ्टी की कन्सेप्ट्स् इन जेन्डर स्टडिज.* लन्डन : सेज पब्लिकेसन।

पोन्टी, मोर्लिस मार्लेउ (सन् १९६२). फेनोमेनोलोजी अफ पर्सेप्सन.(कोलिन स्मिथ अनु.). न्यू योर्क : रुटरेज एन्ड केगन पौल।

पौड्याल, षडानन्द (२०७७). *नेपाली आख्यानमा शरीर राजनीति.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

फाउकल्ट, मिचेल. (सन् १९८९). *द फाउकल्ट रिडर.* (पाउल रेम्बो, सम्पा.). न्यू योर्क : पेन्टागन बुक्स।

फाउकल्ट, मिचेल (सन् १९८२). सब्जेक्ट एन्ड पावर. *क्रिटिकल इन्क्वायरी,* भोल्युम ८, नं. ४, पृ ७७७-७९५.

भट्टराई, रमेशप्रसाद (२०७६). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* (राजेन्द्र सुवेदी, लक्ष्मण प्रसाद गौतम. सम्पा.). काठमाडौँ: रत्न पुस्तक भण्डार, पृ. २५९-२७३.

शर्मा, बिन्दु सम्पा.(२०७४).*समसामयिक प्रगतिवादी नेपाली कथा.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, अभय (२०६८). *तेस्रो किनारा (कथा सङ्ग्रह).* काठमाडौँ : साङ्ग्रिला बुक्स।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।